**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड १०, संख्या : ७, भाद्र १५ गते, २०८३ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।५।८

**प्रस्तावना** : व्यास नगरपालिकाभित्र रहेका बालबालिका, युवा तथा खेलाडीहरूको खेलकुद प्रतिभाको पहिचान, विकास, संरक्षण तथा प्रवर्द्धन गर्ने, स्थानीयस्तरमा खेलकुदको पहुँच विस्तार गर्ने, विद्यालय, वडा तथा समुदायस्तरमा नियमित खेलकुद प्रशिक्षण सञ्चालन गर्ने, दक्ष तथा योग्य खेल प्रशिक्षकको सेवा प्राप्त गर्ने तथा खेलाडीहरूलाई जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा सहभागी हुन सक्षम बनाउने उद्देश्यले खेलकुद प्रशिक्षकको छनोट, नियुक्ति, परिचालन, पारिश्रमिक, कार्यसम्पादन मूल्याङ्कन तथा अनुगमनलाई व्यवस्थित गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) को अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।
(ख) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।
(ग) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।
(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
(ङ) “शाखा” भन्नाले नगरपालिकाको खेलकुद/युवा तथा शिक्षा वा तोकिएको सम्बन्धित शाखा सम्झनुपर्छ ।
(च) “प्रशिक्षक” भन्नाले यस कार्यविधिबमोजिम नगरपालिका वा नगरपालिकाको स्वीकृत कार्यक्रमअन्तर्गत करार सेवामा नियुक्त भई खेलाडीलाई प्रशिक्षण दिने व्यक्ति सम्झनुपर्छ ।
(छ) “खेलाडी” भन्नाले नगरपालिकाद्वारा सञ्चालित वा स्वीकृत प्रशिक्षण कार्यक्रममा सहभागी व्यक्ति सम्झनुपर्छ ।
(ज) “सम्बन्धित खेल” भन्नाले भलिबल, फुटबल, ब्याडमिन्टन तथा नगरपालिकाले समय-समयमा तोकेका अन्य खेल सम्झनुपर्छ ।
(झ) “पदपूर्ति समिति” भन्नाले प्रशिक्षक छनोटका लागि दफा १० बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।
(ञ) “करार” भन्नाले नगरपालिका र प्रशिक्षकबीच भएको सेवा करार सम्झनुपर्छ ।

## परिच्छेद २
## उद्देश्य तथा कार्यक्रम सञ्चालन

३. **उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ-
(क) नगर क्षेत्रमा खेलकुदको विकास र प्रवर्द्धन गर्नु,
(ख) प्रतिभावान खेलाडीको पहिचान गरी नियमित प्रशिक्षण प्रदान गर्नु,
(ग) भलिबल, फुटबल र ब्याडमिन्टन खेलको प्राविधिक स्तर सुधार गर्नु,
(घ) दक्ष तथा योग्य प्रशिक्षकको सेवा प्राप्त गर्नु,
(ङ) खेलकुद प्रशिक्षणलाई पारदर्शी, व्यवस्थित र परिणाममुखी बनाउनु,
(च) विद्यालय, वडा, क्लब तथा समुदायसँग समन्वय गरी खेलकुद कार्यक्रम सञ्चालन गर्नु,
(छ) स्थानीय खेलाडीलाई जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका प्रतियोगिताका लागि तयार गर्नु,
(ज) खेलकुदमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समूहको सहभागिता बढाउनु ।

४. **प्रशिक्षक परिचालन गर्न सकिने खेल** : नगरपालिकाले आवश्यकता, बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा देहायका खेलमा प्रशिक्षक परिचालन गर्न सक्नेछ-
(क) भलिबल,
(ख) फुटबल,
(ग) ब्याडमिन्टन,
(घ) अन्य खेल, नगर कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

५. **प्रशिक्षण सञ्चालनको आधार** : (१) प्रशिक्षकको संख्या र खेलको निर्धारण नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटको आधारमा हुनेछ ।

(२) प्रशिक्षण सञ्चालन गर्दा विद्यालय, वडा, खेलकुद मैदान, कभर्डहल, रंगशाला वा नगरपालिकाले तोकेको अन्य स्थान प्रयोग गर्न सकिनेछ ।

(३) प्रशिक्षणको समय, समूह, खेलाडी संख्या तथा प्रशिक्षण अवधि सम्बन्धित शाखाले प्रशिक्षकसँग समन्वय गरी निर्धारण गर्नेछ । परामर्श सेवा वा करार सेवा मात्र हुनेछ ।

## परिच्छेद ३
## प्रशिक्षकको दरबन्दी तथा योग्यता

६. **प्रशिक्षकको संख्या निर्धारण** : (१) नगरपालिकाले स्वीकृत बजेट तथा कार्यक्रमको आधारमा प्रत्येक खेलका लागि आवश्यक प्रशिक्षक संख्या निर्धारण गर्नेछ ।

(२) आवश्यकता अनुसार एक खेलका लागि एक वा एकभन्दा बढी प्रशिक्षक नियुक्त गर्न सकिनेछ ।

(३) प्रशिक्षकको सेवा स्थायी दरबन्दी सिर्जना गर्ने प्रकृतिको हुने छैन ।

७. **न्यूनतम योग्यता** : प्रशिक्षक पदका लागि उम्मेदवारमा देहायबमोजिमको योग्यता हुनुपर्नेछ-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण,

(ग) सम्बन्धित खेलमा मान्यता प्राप्त संस्था/निकायबाट प्राप्त प्रशिक्षक प्रमाणपत्र वा तालिम प्राप्त गरेको,

(घ) सम्बन्धित खेलमा कम्तीमा दुई वर्षको प्रशिक्षण वा खेलाडी अनुभव भएको,

(ङ) प्रचलित कानूनबमोजिम अयोग्य नठहरिएको,

(च) शारीरिक तथा मानसिक रूपमा प्रशिक्षण कार्य गर्न सक्षम रहेको ।

८. **थप योग्यतालाई प्राथमिकता** : देहायका योग्यताका उम्मेदवारलाई छनोटमा प्राथमिकता दिन सकिनेछ :

(क) राष्ट्रिय खेलकुद परिषद् वा सम्बन्धित मान्यता प्राप्त खेल संघबाट प्राप्त प्रशिक्षक प्रमाणपत्र,

(ख) सम्बन्धित खेलको प्राविधिक/कोचिङ प्रमाणपत्र,

(ग) राष्ट्रिय वा प्रदेशस्तरका प्रतियोगितामा सहभागिता वा पदक प्राप्त गरेको,

(घ) सम्बन्धित खेलमा लामो समयको प्रशिक्षण अनुभव,

(ङ) खेल विज्ञान, शारीरिक शिक्षा वा सम्बन्धित विषयको शैक्षिक योग्यता ।

## परिच्छेद ४
## प्रशिक्षक छनोट प्रक्रिया

९. **प्रशिक्षक माग तथा विज्ञापन** : (१) स्वीकृत कार्यक्रम तथा बजेटअनुसार प्रशिक्षक आवश्यक भएमा सम्बन्धित शाखाले पद, संख्या, योग्यता, पारिश्रमिक, छनोट विधि तथा अन्य विवरणसहितको प्रस्ताव पेश गर्नेछ ।

(२) स्वीकृत भएपश्चात् नगरपालिकाले १५ दिने सार्वजनिक रूपमा सूचना प्रकाशन गर्नेछ ।

(३) सूचना नगरपालिकाको वेबसाइट, सूचना पाटी तथा आवश्यकताअनुसार अन्य सञ्चार माध्यमबाट प्रकाशन गर्न सकिनेछ ।

१०. **पदपूर्ति समिति** : (१) प्रशिक्षक पदपूर्तिका लागि देहाय बमोजिमको समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - संयोजक

(ख) शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख - सदस्य

(ग) सम्बन्धित खेलको विज्ञ/प्रशिक्षक - सदस्य
(घ) प्रशासन/कानुन शाखाको प्रतिनिधि - सदस्य
(ङ) पदपूर्ति सम्बन्धी ज्ञान भएको अधिकृत कर्मचारी - सदस्य सचिव

(२) आवश्यकता अनुसार सम्बन्धित खेल संघ वा राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधिलाई विज्ञका रूपमा आमन्त्रण गर्न सकिनेछ ।

११. **छनोटको विधि :** (१) प्रशिक्षक छनोट गर्दा देहायका विधि अपनाउन सकिनेछ :
(क) प्रारम्भिक योग्यता परीक्षण,
(ख) लिखित/सैद्धान्तिक परीक्षा,
(ग) प्रयोगात्मक तथा प्राविधिक सीप परीक्षण,
(घ) प्रशिक्षण प्रदर्शन (Coaching Demonstration),
(ङ) अन्तर्वार्ता,
(च) अनुभव तथा प्रमाणपत्र मूल्याङ्कन ।

(२) प्रशिक्षक छनोटका लागि १०० अंकभार कायम गरी देहाय बमोजिमको विषयमा अंकभार विभाजन गर्न सकिनेछ ।
(क) शैक्षिक योग्यता १०
(ख) सम्बन्धित खेलको प्राविधिक/प्रशिक्षक योग्यता १०
(ग) सम्बन्धित खेल तथा प्रशिक्षण अनुभव १०
(घ) प्रयोगात्मक/प्राविधिक सीप परीक्षण २५
(ङ) प्रशिक्षण प्रदर्शन ५
(च) लिखित ३०
(छ) अन्तर्वार्ता १०

(३) अन्तिम छनोटका लागि न्यूनतम ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ ।

(४) बराबर अंक प्राप्त भएमा सम्बन्धित खेलको प्रयोगात्मक परीक्षामा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

## परिच्छेद ५
## नियुक्ति

१२. **नियुक्ति :** (१) छनोट समितिको सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतले प्रशिक्षक नियुक्त गर्नेछन् ।

(२) नियुक्ति करार सेवा वा परामर्श सेवाको रूपमा मात्र हुनेछ ।

(३) करार अवधि सामान्यतया एक आर्थिक वर्षभन्दा बढी हुने छैन ।

(४) कार्यसम्पादन सन्तोषजनक भएमा तथा बजेट उपलब्ध भएमा करार नवीकरण गर्न सकिनेछ ।

(५) खेलकुद प्रशिक्षक शिक्षा, युवा तथा खेलकुद विकास शाखा अन्तर्गत हुनेछ ।

## परिच्छेद ६
## पारिश्रमिक तथा सुविधा

१३. **पारिश्रमिक :** (१) प्रशिक्षकलाई नगरपालिकाले स्वीकृत गरेको दररेट तथा बजेटको सीमाभित्र रही मासिक वा प्रशिक्षण सत्रका आधारमा पारिश्रमिक उपलब्ध गराउन सकिनेछ ।

(२) पारिश्रमिक निर्धारण गर्दा प्रशिक्षकको योग्यता, अनुभव, खेलको प्राविधिक स्तर, प्रशिक्षणको अवधि तथा नगरपालिकाको आर्थिक क्षमता विचार गरिनेछ ।

(३) पारिश्रमिकबाट प्रचलित कानूनबमोजिम लाग्ने कर तथा अन्य रकम कट्टा गरिनेछ ।

(४) नगरपालिकाले स्वीकृत बजेटको सीमाभित्र रही अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ७
## प्रशिक्षकको काम, कर्तव्य र जिम्मेवारी

१४. **प्रशिक्षकको काम, कर्तव्य र जिम्मेवारी :** प्रशिक्षकको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) नियमित प्रशिक्षण सञ्चालन गर्ने,
(ख) खेलाडीको क्षमता पहिचान गरी प्रशिक्षण योजना बनाउने,
(ग) खेलाडीको व्यक्तिगत तथा सामूहिक प्रगति अभिलेख राख्ने,
(घ) प्रशिक्षणको दैनिक हाजिरी राख्ने,
(ङ) खेलाडीको शारीरिक क्षमता तथा प्राविधिक दक्षता अभिवृद्धि गर्ने,
(च) अनुशासन, खेल भावना तथा ँबष्च एबिथ को विकास गर्ने,
(छ) खेलाडीको सुरक्षा तथा स्वास्थ्यलाई प्राथमिकता दिने,
(ज) महिला तथा बालबालिकामैत्री प्रशिक्षण वातावरण सिर्जना गर्ने,
(झ) प्रशिक्षणमा हुने दुर्घटना तथा जोखिम न्यूनीकरणका उपाय अपनाउने,
(ञ) मासिक प्रशिक्षण प्रतिवेदन सम्बन्धित शाखामा पेश गर्ने,
(ट) नगरपालिकाले आयोजना गर्ने प्रतियोगिता तथा कार्यक्रमलाई सहयोग गर्ने,
(ठ) प्रतिभावान खेलाडीको पहिचान गरी नगरपालिकालाई सिफारिस गर्ने,
(ड) नगरपालिकाको सम्पत्ति तथा खेलकुद सामग्रीको संरक्षण गर्ने,
(ढ) सम्बन्धित शाखाले दिएको निर्देशन पालना गर्ने।

## परिच्छेद ८
## प्रशिक्षण सञ्चालन तथा खेलाडी व्यवस्थापन

१५. **खेलाडी छनोट :** (१) प्रशिक्षणका लागि खेलाडी छनोट गर्दा खुला तथा पारदर्शी प्रक्रिया अपनाइनेछ ।

(२) आवश्यकता अनुसार वडा, विद्यालय, क्लब तथा समुदायबाट प्रतिभावान खेलाडी छनोट गर्न सकिनेछ ।

(३) खेलाडी छनोटको आधार प्रशिक्षकले तयार गरी सम्बन्धित शाखाबाट स्वीकृत गराउनुपर्नेछ ।

१६. **प्रशिक्षण समूह :** (१) खेलाडीको उमेर, क्षमता र आवश्यकताअनुसार प्रशिक्षण समूह विभाजन गर्न सकिनेछ ।

(२) बालबालिका तथा किशोर खेलाडीका लागि उमेरअनुकूल प्रशिक्षण विधि अपनाउनुपर्नेछ ।

१७. **प्रशिक्षण समय :** (१) प्रशिक्षणको समय सम्बन्धित खेल, मौसम, खेलाडीको उमेर तथा उपलब्ध खेलमैदानका आधारमा निर्धारण गरिनेछ ।

(२) प्रशिक्षकले स्वीकृत समयतालिकाअनुसार नियमित प्रशिक्षण सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद ९
## अनुगमन तथा मूल्याङ्कन

१८. **अनुगमन** : नगरपालिकाले प्रशिक्षकको कार्यसम्पादन तथा प्रशिक्षण कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।

१९. **कार्यसम्पादन मूल्याङ्कन** : प्रशिक्षकको कार्यसम्पादन देहायका आधारमा मूल्याङ्कन गरिनेछ :
(क) नियमित प्रशिक्षण सञ्चालन - २० प्रतिशत,
(ख) खेलाडीको सहभागिता तथा उपस्थिति - १५ प्रतिशत,
(ग) खेलाडीको प्राविधिक प्रगति - २० प्रतिशत,
(घ) प्रतियोगितामा प्राप्त उपलब्धि - २० प्रतिशत,
(ङ) प्रशिक्षण अभिलेख तथा प्रतिवेदन - १० प्रतिशत,
(च) अनुशासन तथा व्यावसायिक आचरण - १५ प्रतिशत ।

२०. **करार नवीकरण** : (१) कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा ६० प्रतिशत अंक प्राप्त गर्ने प्रशिक्षकको करार नवीकरण गर्न प्राथमिकता दिन सकिनेछ ।

(२) लगातार दुई पटक ५० प्रतिशतभन्दा कम कार्यसम्पादन भएमा करार नवीकरण नगर्न सकिनेछ ।

## परिच्छेद १०
## आचारसंहिता

२१. **प्रशिक्षकले पालना गर्नुपर्ने आचारसंहिता** : प्रशिक्षकले देहाय बमोजिम आचारसंहिता पालना गर्नुपर्नेछ :
(क) खेलाडीप्रति सम्मानजनक व्यवहार गर्नुपर्ने,
(ख) जात, धर्म, लिङ्ग, भाषा, क्षेत्र, आर्थिक अवस्था वा अन्य कुनै आधारमा भेदभाव गर्न नहुने,
(ग) बालबालिकामाथि शारीरिक वा मानसिक हिंसा गर्न नहुने,
(घ) यौन दुर्व्यवहार वा कुनै प्रकारको दुर्व्यवहार गर्न नहुने,
(ङ) मादक पदार्थ सेवन गरी प्रशिक्षण सञ्चालन गर्न नहुने,
(च) नगरपालिकाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा प्रयोग गर्न नहुने,
(छ) गोप्य वा संवेदनशील सूचना अनधिकृत रूपमा सार्वजनिक गर्न नहुने ।

## परिच्छेद ११
## करार समाप्ति

२२. **करार समाप्त गर्न सकिने अवस्था** : (१) देहायको अवस्थामा प्रशिक्षकको करार समाप्त गर्न सकिनेछ :
(क) करार अवधि समाप्त भएमा,
(ख) कार्यसम्पादन सन्तोषजनक नभएमा,
(ग) नियमित प्रशिक्षण सञ्चालन नगरेमा,
(घ) झुट्टा प्रमाणपत्र पेश गरेको प्रमाणित भएमा,
(ङ) गम्भीर अनुशासनहीनता गरेमा,
(च) खेलाडीमाथि दुर्व्यवहार गरेको ठहरेमा,
(छ) नगरपालिकाको सम्पत्ति हिनामिना वा दुरुपयोग गरेमा,

(ज) स्वीकृतिबिना लामो समय अनुपस्थित भएमा,

(झ) बजेट वा कार्यक्रम बन्द भएमा,

(ञ) प्रचलित कानूनबमोजिम अन्य कारणबाट सेवा समाप्त गर्नुपर्ने भएमा ।

(२) करार समाप्त गर्नुअघि प्रशिक्षकलाई उचित स्पष्टीकरणको अवसर प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद १२
## गुनासो तथा पुनरावेदन

२३. **गुनासो** : प्रशिक्षक, खेलाडी वा अभिभावकले प्रशिक्षण सम्बन्धी गुनासो शिक्षा, युवा तथा खेलकुद विकास शाखामा लिखित रूपमा पेश गर्न सक्नेछन् ।

२४. **गुनासोको छानबिन** : शिक्षा, युवा तथा खेलकुद विकास शाखाले आवश्यक छानबिन गरी उचित रायसहित प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्नेछ ।

## परिच्छेद १३
## आर्थिक तथा प्रशासनिक व्यवस्था

२५. **बजेट व्यवस्था** : प्रशिक्षकको पारिश्रमिक तथा प्रशिक्षण सञ्चालनका लागि आवश्यक बजेट नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था गरिनेछ ।

२६. **खर्च व्यवस्थापन** : यस कार्यविधिअन्तर्गत हुने खर्च प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी कानुन तथा नगरपालिकाका आर्थिक कानुन बमोजिम हुनेछ ।

## परिच्छेद १४
## विविध

२७. **अधिकार प्रत्यायोजन** : नगर कार्यपालिकाले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यक अधिकार प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित शाखालाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानुनको अधीनमा रही नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

२९. **संशोधन** : यस कार्यविधिमा आवश्यक संशोधन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

३०. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख नभएको विषय प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन बमोजिम हुनेछ ।

३१. **बचाऊ** : यो कार्यविधि लागु हुनुअघि नगरपालिकाबाट स्वीकृत खेलकुद प्रशिक्षण कार्यक्रम तथा करार सम्झौताबाट भए गरेका कामहरू यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ । तर प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**आज्ञाले**
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत